रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश
(पशुपन्छी तथा मत्स्य विकास शाखा)

www.ramechhapmun.gov.np
Email: ramechhapmun@gmail.com
फोन नं.:- ०४८-४०००११ (प्रमुख)
०४८-४०००१८ (उपप्रमुख)
०४८-४०००१६ (प्र.प्र. अधिकृत)
फ्याक्स - ०४८-४०००१२

पत्र संख्या: २०८१/०८२
चलानी नम्वर:

# उन्नत भैंसी प्रवर्द्धन कार्यक्रम माग सम्वन्धि सूचना ।

## प्रथम पटक प्रकाशित मिति २०८१/०९/०३

रामेछाप नगरपालिका, पशुपन्छी तथा मत्स्य विकास शाखाको चालु आ.व. २०८१/०८२ को नगर स्तरीय वार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत भैंसी प्रवर्द्धन कार्यक्रम रामेछाप नगरपालिका भित्रका सवै वडाहरुमा ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक पशुपालक समुह/सहकारी/समिति/पशुपालन निजी फर्म र व्यावसायिक कृषकहरुको लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/०९/२४ गते कार्यालय समय भित्र यस कार्यालयले तोकिएको ढाँचा (अनुसूची-१,२,३ र ४) अनुसारको कागजात सहित आवेदन दर्ता गर्नु हुन सम्वन्धित सवैमा जानाकारी गराईन्छ। म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा जानकारी गराउदै यस विषयमा थप जानकारीका लागि पशुपन्छी तथा मत्स्य विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

क) कार्यक्षेत्र : रामेछाप नगरपालिका, रामेछाप ।

ख) कार्यक्रमहरु:

| क.स. | कार्यक्रमको नाम | रामेछाप नगरपालिका, रामेछापले व्यहोर्ने जम्मा रकम | कार्यक्रम सञ्चालन |
|---|---|---|---|
| १. | उन्नत भैंसी प्रवर्द्धन कार्यक्रम | रु.३५,०००००।- (अक्षरुपी पैतीस लाख मात्र) | रामेछाप नगरपालिकाको उन्नत गाई/भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८१ अनुसार |

पुनश्च: भैंसीको मुल्य निर्धारण वीमा अभिलेखमा उल्लेखित रकमको आधारमा ५० प्रतिशत अनुदान ।

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>

(१) सम्वन्धित निकायमा कृषि समुह/सहकारी संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र व्यावसायिक कृषकहरुको हकमा परिचय खुल्ने कागजात।
(२) कार्यक्रम संचालन हुने स्थान जग्गा/जमिन को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।
(३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
(४) अनुसूची २ अनुसारको प्रतिवद्धता पत्र अनुसूची ३ अनुसारको कार्ययोजना र अनुसूचि ४ अनुसारको स्व-घोषणा पत्र ।
(५) रु. १० ।- को हुलाक टिकट टाँस गरी अनुसूची १ वमोजिम निवेदन साथै सम्वन्धित वडाको सिफारिस पत्र ।
*(६) आवेदक कृषकले कम्तिमा २ वटा माउ गाई/भैंसी पालेको हुनुपर्ने ।*

*<u>अन्य थप जानकारीका लागि सम्पर्क नं. ०४८-५९०१९७ र ९८४१३४८४९९ मा सम्पर्क गर्न सकिनेछ</u>*

.............................
भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner